घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष २ | अंक २४ | २०७५ फाल्गुन २६ गते |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७५।११।२६ मा स्वीकृत भएको **छाडा तथा घरपालुवा जनावरहरुको व्यवस्थापन सम्बन्धी कार्यविधि** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## प्रस्तावना :

घोडाघोडी नगरपालिकालाई छाडा पशुमुक्त गरी व्यवस्थित नगरपालिका बनाउने उद्येश्यले सडकमा छाडा छोडिएका पशुहरुको कारण दुघर्टना बढी रहेको सन्दर्भमा उक्त कार्यलाई न्यूनीकरण गर्ने उद्धेश्यले **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११** को अधिकार प्रयोग गरि घोडाघोडी नगरपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम **"छाडा तथा घरपालुवा जनावरहरुको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५"**रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "छाडा पशु " भन्नाले सडकमा जथाभाबी छाडिएको पशुलाई जनाउछ ।

(ख) "घरपालुवा पशु" भन्नाले गाई, गोरु, बाच्छा, बाच्छी, भैसी, राँगा, कुकुर, विरालो, बोका, बाखा, घोडा, घोडी, गधा, हास, कुखुरा, सुंगुरबंगुर आदी लाई सम्झनु पर्छ ।

## ३. निम्न कार्य गर्न निषेध गरिएको छ ।

(क) कसैले पनि आफ्नो घरमा पालेका पशुपन्छी जथाभावी छोड्न पाइनेछैन ।

घोडाघोडी स्थानीय राजपत्र

(ख) नियमित चरनमा लैजाने बाहेक सार्वजनिक सडकमा जनावरहरुलाई  छोड्न, बाँध्न तथा सवारी साधन आवागमनलाई अवरोध हुने गरि घरपालुवा पशु छोड्न र चराउन पाईनेछैन ।

(ग) पशु धनीले घरपालुवा पशुको अध्यावधिक अभिलेखका लागि मघाइक्रोचिपिङ्ग वा ट्यागिङ् वा जनावरको परिचय खुल्ने चिन्ह नगरपालिकाबाट अनिवार्य गराउनु पर्नेछ । त्यसका लागि नगरपालिकाले प्राविधिक सहयोग तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(घ) दफा ३(ग) बमोजिम माईक्रोचिपिङ्ग, टयागिङ वा जनावरको परिचय खुल्ने चिह्न लगाईएका पशु चौपायाको खरिद विक्रि गर्दा टोल विकास समितिलाई समेत जानकारी गराउनुपर्ने छ ।

(ङ) दफा ३ (क) र (ख)  विपरित कार्य गरेको पाईएमा दफा ७ बमोजिम कारबाही गरिनेछ ।

## ४. सडकमा पशु छोडेको पाईएमा के गर्ने :

(क) नगरपालिका क्षेत्रभित्र छाडा चौपाया फेला परेमा पहिचान नभए सम्म नियन्त्रणमा लिई नगरपालिकाले तोकेको स्थानमा राख्नेछ ।

(ख) पहिचान भएको तीन दिन भित्र स्वयम् पशु धनी उपस्थित नभएमा रु. १०००।- जरिवाना सहित घरधनीलाईृ जिम्मा लगाईनेछ ।

(ग) नियन्त्रणमा लिएको ५ दिन भित्र स्वयम् पशु धनी उपस्थित नभएमा पशुको मूल्य कायम गरि १० प्रतिशत जरिवाना गरि सम्बन्धित पशु धनिलाई जिम्मा लगाइनेछ ।

(घ) छाडा पशु राख्नकोलागि नगरपालिकाले एउटा स्थान तोकी वा जमिन भाडामा लिई व्यवस्थापन गर्न सक्नेछ ।

(ङ) नगरपालिकाको आफ्नो क्षेत्रभित्र भेटिएका तर पहिचान नखुलेका छाडा चौपायालाई नजिकको छिमेकी स्थानीय तहमा फिर्ता पठाईनेछ ।

## ५. छाडा पशुहरु लिन कुनै संस्था/व्यक्तिले माग गरेमा के गर्ने :

(क) छाडा छोडिएका पशुचौपाया लिन कुनै संघ सस्था, व्यक्ति, फर्म वा गौशालाहरुले माग गरेमा त्यस्ता संस्था व्यक्ति वा गौशालालाई दोस्रो प्रथामिकतामा राखेर दिन सकिनेछ ।

(ख) संस्था, व्यक्ति, फर्म वा गौशालालाई उपलब्ध गराउने विषयमा सम्बन्धीत छाडा चौपाया व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले निर्णय गर्न सक्नेछ ।

## ६. छाडा पशुचौपायाहरुको व्यवस्थापन गर्नका लागि सहयोग गर्ने संघ सस्था, फर्म वा व्यक्ति सम्बन्धमा :

(क) यदि कुनै संघ सस्था, फर्म वा व्यक्तिहरुले नगरपालिकाको छाडा पशुचौपाया व्यवस्थापनमा सहयोग गर्न चाहेमा नगरपालिका संग समन्वय गरि सहयोग गर्न सक्नेछन् । त्यसका लागि आवश्यक नगद , भौतिक पुर्वाधार , आहारा , दाना पानी तथा स्वयम सेवकको रुपमा सहयोग गर्न सक्नेछन् ।

(ख) नगरपालिकालाई छाडा पशु व्यवस्थापनका लागि सहयोग गर्ने संघ सस्था, फर्म वा व्यक्तिले चौपायाको लागि आवश्यक भौतिक पुर्वाधार निर्माण गर्न सक्नेछन् तर ती पुर्वाधारहरु निर्माण गरि सकेपछी नगरपालिकालाई अनिवार्य रुपमा हस्तान्तरण गर्नु पर्नेछ ।

धनगढी स्थानीय राजपत्र

### ७. दण्ड जरिवाना :

(क) छाडा छोडिएका पशु चौपायाहरु फेला परेमा पशुको संख्याको आधारमा पट्के जरिवाना तोकिनेछ ।

(ख) पहिलो पटक रु ५०० , दोस्रो पटक रु १०००, तेस्रो पटक देखि पटकै पिछे रु.१५०० र उक्त पशुले क्षति पुराएको रहेछ भने क्षतिपूर्ती समेत असुल उपर गराईनेछ ।

(ग) छाडा चौपायाहरुको व्यवस्थापन तथा दण्ड र जरिवाना गर्न कार्य टोल विकास समिति गठन गरि सो समिति लाई नगरपालिकाले अधिकार प्रत्यायोजन गरि जिम्मा दिन सक्नेछ ।

### ८.छाडा चौपाया हेरालु सम्बन्धमा :

(क) नगरपालिकाले आफुले व्यवस्थापन गरेको गोठमा हेरालुको तलव भत्ता निर्धारण तथा अन्य विषयका सम्बन्धमा छाडा पशु चौपाया व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

### ९.छाडा पशु चौपाया व्यवस्थापन समिति गठन सम्बन्धमा :

(क) नगरपालिकाले छाडा पशु चौपाया व्यवस्थापनको लागि आवश्यक छाडा चौपाया व्यवस्थापन समिति गठन गर्न सक्नेछ । सोही समितिको सिफारिसमा नगरकार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

### १०. विविध :

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र